फोन नं.: ०८२-५२०२३३

दमकल: ०८२-५२०३०५

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पत्रसङ्ख्या :-

चलानी नं. :-

मिति : २०८०/०८/१० गते

बिषय : सूचना । सूचना ॥ सूचना ॥।

२०८०/८/१०
ललित बहादुर घर्ती
(आठौं)

नदीजन्य पदार्थ (ढुंगा) बिक्रि सम्बन्धि शिलबन्दी बोलपत्र आह्वानको सूचना
प्रकाशित मिति : २०८०/०८/१०

यस उपमहानगरपालिका कार्यपालिकाको मिति २०८०/०५/३० गतेको बैठको निर्णय तथा प्राकृतिक स्रोत परिचालन तथा अनुगमन समितिको मिति २०८०/०६/०५ गते बसेको बैठको निर्णय अनुसार तुलसीपुर उप-महानगरपालिकाको नदीजन्य तथा प्राकृतिक स्रोत साधन अनुगमन समितिले विभिन्न मितिमा अनुगमन गर्दा अवैधानिक (नियम विपरित) रुपमा बिक्री वितरण गर्न लैजादै गर्दा पक्राउ गरिएका नदीजन्य पदार्थ (ढुंगा) परिमाणको आधारमा प्रति टिप्पर प्रति ट्रिप रु.१२,०००। (बाह्रहजार) कायम गरि तपसिल बमोजिमको स्थानमा जति परिमाणमा स्टक भएको नदीजन्य पदार्थको एकमुष्ट रकमलाई बढावढ गरी (टेण्डर) खोल्ने निर्णय बमोजिम मिति २०८०/०७/०१ गोरक्ष राष्ट्रिय दैनिक, तुलसीपुर, दाङको पत्रिकामा प्रकाशन गरिएकोमा सि.नं २ को प्रसेनी चौरमा रहेको ढुंगाको शिलबन्दी बढावढ बोलपत्र पर्न आएको र बांकी ३ ओटा स्थानको लागि कुनै पनि शिलबन्दी बोलपत्र दर्ता हुन नआएको हुँदा यस कार्यालयको मिति २०८०/०८/०६ गतेको निर्णयानुसार पुनः बांकी रहेको स्थानको लागि नियमानुसार शिलबन्दी बढावढ बोलपत्रको सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१) तुलसीपुर उ.म.न.पा. वडा नं. १७ को कार्यालय अगाडिको अन्दाजी ७५ ट्रिप न्युनतम मुल्य रु.९००,०००।- (अक्षेरुपी नौ लाख)

२) जसपुर प्रहरी चौकि नजिक अन्दाजी २२ ट्रिप न्युनतम मुल्य रु.२६४,०००।- (अक्षेरुपी दुई लाख चौसठ्ठि हजार)

३) तुलसीपुर उ.म.न.पा. वडा नं. १६ को पुल अगाडिका अन्दाजी ३९ ट्रिप न्युनतम मुल्य रु.४६८,०००।- (अक्षेरुपी चार लाख अरसठ्ठि हजार)

फोन नं.: ०८२-५२०२३३

दमकल: ०८२-५२०३०५

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या :-

चलानी नं. :-

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

२०८०।८।१०

ललित बहादुर घर्ती
अधिकृत (आठौं)

*आवश्यक कागजात तथा शर्तहरु :*

१. *एक जना व्यक्तिले एउटा मात्र बोलपत्र फाराम खरिद गर्न सक्नेछ । बोलपत्र फाराम खरिद गर्दा* निवेदन साथ नागरिकताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२. बोलपत्र सुचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८०/०८/१६) सम्ममा रु.५००।- (पाँच सय) तिरी बोलपत्र खरिद गर्न सक्नेछ । सोको भोली पल्ट (मिति २०८०/०८/१७) दिनको ११:०० बजे भित्र बोलपत्र दर्ता गरि सक्नु पर्नेछ र सोहि दिनको २:०० बजे कार्यालयका प्रतिनिधीहरु, बोलपत्र दाताहरु वा निजको प्रतिनिधीको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न सकिनेछ ।

३. बोलपत्र साथ धरौटी वापत को रकम यस संस्थाको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लि. तुलसीपुर उ.म.न.पा धरौटि खाता नं. ०३१०१४००२५००३० मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

४. बोलपत्र भर्दा अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

५. म्याद नाघी आएको र रित नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन् ।

६. उपमहानगरपालिकाको हितलाई ध्यानमा राखी बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार उ.म.न.पा.मा सुरक्षित रहने छ ।

७. बोलपत्र स्वीकृत भए पछि उपनगरपालिकाले निर्धारण गरेको म्याद भित्र रकम दाखिला गरी स्टक (ढुंगा) उठाई लैजानु पर्नेछ ।

८. सूचनामा उल्लेखित नभएको कुराहरुमा सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ र प्रचलित कानुन बमोजिम हुनेछ ।

९. अन्य जानकारीका लागि कार्यालयमा सम्पर्क राख्नुहोला ।